आज मिति २०७९।०९।२१ गतेका दिन दिउसो १:०० बजेको समयमा यस लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री सुशिला शाही ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ११ औं बैठक बसी तपशीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

तपशील

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुशिला शाही | प्रमुख | |
| २ | श्री जुना चौधरी | उपप्रमुख | |
| ३ | श्री नेत्र प्रसाद खनाल | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री संतोष कुमार ओली | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री लब बहादुर शाही | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री तारा प्रसाद अधिकारी | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री माया विष्ट | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र कठायत | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भगवानदिन चौधरी | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री हरी प्रसाद चौधरी | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री राम प्रसाद चौधरी | अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री हर्क बहादुर कठरिया थारु | अध्यक्ष वडा नं. १० | |
| १३ | श्री उजीर सिंह सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री सुमित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री ज्योती देवी वि.क. | कार्यपालिका सदस्य | |
| १६ | दुर्गा देवी उखेडा | कार्यपालिका सदस्य | |
| १७ | झपट सिंह वि.क. | कार्यपालिका सदस्य | |
| १८ | कोकिला देवी दमाई | कार्यपालिका सदस्य | |
| १९ | सेतु देवी कामी | कार्यपालिका सदस्य | |
| २० | दिपा देवी रावत | कार्यपालिका सदस्य | |
| २१ | शेर बहादुर बुढा | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | माधव कुमार जैसी | अधिकृत छैठौं | |
| २ | प्रशान्त अधिकारी | इन्जिनियर | |

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १ समपुरक अनुदान र विशेष अनुदान योजना माग सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा समपुरक अनुदान सम्बन्धि ( तेस्रो संशोधन ) कार्यविधि २०७७ र विशेष अनुदान सम्बन्धि ( तेस्रो संशोधन ) कार्यविधि २०७७ मा व्यबस्था भए वमोजिम समपुरक अनुदान र विशेष अनुदानका आयोजनाको प्रस्ताव २०७९ पौष मसान्त भित्र राष्ट्रिय योजना आयोगले प्रयोगमा ल्याएको विधुतीय (अनलाइन) प्रणाली मार्फत भरि सक्नु पर्ने भएकाले यस लम्कीचुहा नगरपालिकाबाट आगामि वर्ष २०८०।०८१ को लागि तपशीलका योजना तथा कार्यक्रम माग गर्ने भन्ने निर्णय पारित गरियो ।

तपशील

| समपुरक अनुदान तर्फका योजना: | |
|---|---|
| क्र.सं. | योजनाको नाम |
| १ | लम्कीचुहा नगरपालिका वडा नं. ३ बल्चौर देखि कटासे-पालबजार सडक कालोपत्रे |
| २ | लम्कीचुहा नगरपालिका वडा नं. ४ मा चिल्ड्रेन पार्क निर्माण |
| ३ | राजीपुर देखि थापापुरसम्मको सडक कालोपत्रे लम्कीचुहा नगरपालिका वडा नं. ५ |
| ४ | मुर्गिया देखि लम्कीचुहा वडा नं. १० जाने सडक कालोपत्र लम्कीचुहा नगरपालिका वडा नं. ८ |
| ५ | प्रतापपुर सोनपुर हुँदै धनचैया जाने सडक कालोपत्रे लम्कीचुहा नगरपालिका वडा नं. ९ |
| ६ | टिकापुर रोड देखि चर्च-कालिका मन्दिर हुँदै जनता मार्केट देखी राजीपुरसम्मको बाटो कालोपत्र लम्कीचुहा-०१, कैलाली |
| ७ | महास्पाईस देखि वनकुवा सम्मको बाटो कालोपत्र लम्किचुहा-०१, कैलाली |
| ८ | लम्कीचुहा नगरपालिका वडा नं. ३ मा खानेपानी आयोजना निर्माण |
| विशेष अनुदान तर्फका योजना: | |
| १. | गुणस्तरिय शिक्षाका लागि पूर्वाधार एवम् प्रविधि विकास कार्यक्रम |
| २ | विपन्न वर्ग स्वरोजगार कार्यक्रम |
| ३ | फोहोरमैला व्यवस्थापनका लागि पूर्वाधार निर्माण |

**प्रस्ताव नं. २ नदिजन्य पदार्थको ठेक्का तथा रोयल्टी संकलन गर्ने सम्बन्धमा ।**

निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतरहेका विभिन्न खोलाहरुको IEE गरिएको स्थानबाट नदिजन्य पदार्थ निकासीका लागि दोस्रो पटक बोलपत्र गर्दा समेत कुनै पनि बोलपत्र पेश हुन नआएकोले कर्णाली, चोरी, चरेला र रोरा नदीको नगरपालिकाबाट पुरक प्रारम्भिक वातावतरणीय परीक्षण (IEE) गराएकाले सोही पुरक प्रारम्भिक वातावतरणीय परीक्षण (IEE) बमोजिम राजस्व कर संकलन गर्ने गरि पुनः ठेक्का गर्ने र उपरोक्त ठेक्का सम्झौता नहुन्जेलसम्मका लागि यस भन्दा अगाडी नगर कार्यपालिकाको कार्यालयको निर्णयानुसार खटाईएका तपशील बमोजिमका व्यक्तिहरुबाट नै राजश्व संकलन गर्ने गराउने निर्णय गरियो । साथै कर्णाली नदीको धार

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

परिवर्तन भई नदिजन्य पदार्थको निकासीमा कठिनाई उत्पन्न भएकोले बाँध निर्माण गर्न रु. २० (बिस) लाख रकम आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी गर्ने विनयोजन गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | व्यक्तिको नाम | वडा नं. |
|---|---|---|
| १ | भद्र बहादुर शाह | वडा नं. १ |
| २ | विज्ञान संज्याल | वडा नं. १ |
| ३ | सिता विष्ट | वडा नं. ४ |
| ४ | सुरेन्द्र शाही | वडा नं. ४ |
| ५ | डम्बर विष्ट | वडा नं. ४ |
| ६ | सुरेस उपाध्याय | वडा नं. २ |
| ७ | भानु आचार्य | वडा नं. १ |
| ८ | रिभेन्ज शाही | वडा नं. १ |
| ९ | अर्जुन शाही | वडा नं. ८ |
| १० | खडक साउँद | वडा नं. ८ |
| ११ | सुनीता कार्की | वडा नं. ८ |
| १२ | सरफारीलाल डगौरा थारु | वडा नं. ८ |
| १३ | उदयराम खत्री | वडा नं. ६ |
| १४ | लक्ष्मी चौधरी | वडा नं. ६ |
| १५ | डिल बाहदुर चौधरी | वडा नं. ६ |
| १६ | पार्वती डाँगी | वडा नं. ६ |
| १७ | दिपक बहादुर शाही | वडा नं. १ |

**प्रस्ताव नं. ३ चुहा १५ शैया अस्पतालको रकम भूक्तानी सम्बन्धमा।**

निर्णय नं. ५.१३ प्रस्ताव नं. ५.१३ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. १० मा निर्माण भईरहेको १५ शैया अस्पताल निर्माणको कार्य सुचारु रहेको तर सो अस्पताल निर्माणका लागि संघिय सरकारबाट विनियोजित रकम निकासा भैनसकेको अवस्थामा रनिङ बिल वापत हाललाई रु. २० (बिस) लाख रकम यस कार्यालयबाट आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी गर्ने र अस्पताल निर्माणका लागि विनियोजित रकम निकासा प्राप्त पश्चात सो रकमबाट उक्त भुक्तानी दिएको रकम सोधभर्ना गर्ने निर्णय गरियो।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. ४ शहरी विकास तर्फका योजना कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुद्वारा शहरी शासकीय पूर्वाधार तर्फका योजनाहरुको छनौट गर्दा म्याचिङ रकम आवश्यक पर्ने भएमा सम्भव भएसम्म कम म्याचिङ हुने गरि लागत अनुमान तयार गरि सोही बमोजिम हुन आउने रकम शहरी शासकीय पूर्वाधार तर्फको रकम संग म्याचिङ गरि योजनाको कार्यान्यिन गर्ने र म्याचिङका लागि आवश्यक रकम आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट भूक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५ योजना तथा ठेक्काको म्याद थप सम्बन्धमा।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको कार्यालतद्वारा बोलपत्र गरि संचालनमा रहेका ५ वटा आ.व. २०७७।०७८ र २६ वटा आ.व. २०७८।०७९ का योजनाहरुको म्याद समाप्त भएकोमा सम्बन्धीत निर्माण व्यवसायीहरुबाट बैङ्क जमानत सहित म्याद थपको लागि निवेदन प्राप्त भएमा निवेदन साथ संलग्न आवश्यक कागजातहरुको प्राविधीक जाँच गरि आगामी कार्यपालिकको बेठकमा म्याद थपका लागि पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६ विज्ञापन करको ठेक्का सम्बन्धमा।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका अन्तर्गतका विभिन्न क्षेत्रमा विज्ञापनजन्य सामाग्रीहरु राखे वापत राजश्व संकलन गर्नका लागि न्यूनतम कबोल रकम रु. १,५०,०००।– कायम गरि ठेक्का गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ न्यायीक समितिको बजेट सम्बन्धमा।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा लम्कीछुहा नगरपालिका अन्तर्गतको न्यायिक समितिका लागि आ.व. २०७९।०८० मा विनियोजन गरिएको रकम रु. ४० (चालिस) लाख रकमलाई विभिन्न शिर्षकमा छुट्याउने न्यायीक समितिको निर्णय बमोजिम तपशील बमोजिम हुने गरि विनियोजित रकम टुक्रयाउने निर्णय गरियो।

**तपशील**

| क्र.सं. | कार्यक्रमहरु | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | मेलमिलापकर्ता लाई मेलमिलाप सम्बन्धि आधारभूत ४८ घण्टा ८ दिने तालिम | ५,००,०००।- | |
| २ | न्यायिक समितिको काम कर्तव्य अधिकार क्षेत्र म्याद तामेल र कानुनी प्रक्रियाका बारेमा वडा सचिव, अमिन तथा सरोकारवालाला २ दिने अभिमुखिकरण कार्यक्रम | १,००,०००।- | |
| ३ | मेलमिलापमा सहजीकरणका लागि भलमन्सा गुरुवा धार्मिक अगुवा तथा धामी झाक्रीलाई प्रचलित कानुनी व्यवस्थाका बारेमा ५ दिने तालिम संचालन | ५,००,०००।- | |

| | | | |
|---|---|---|---|
| ४ | मेलमिलाप केन्द्र सञ्चालन तथा मेलमिलापकर्ताको बैठक भत्ता | ८,००,०००।- | |
| ५ | मेलमिलाप कर्तालाई विवाद मेलमिलाप गराए वापत संचार खर्च | १,००,०००।- | |
| ६ | पुस्तक खरिद | ५०,०००।- | |
| ७ | न्यायिक समितिको बैठक तथा कार्यालय व्यवस्थापन | ४,५०,०००।- | |
| ८ | सिकाईमा आधारित अध्ययन अवलोकन भ्रमण | ५,००,०००।- | |
| ९ | न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई पुनर्ताजगी तालिम | ५,००,०००।- | |
| १० | नगरपालिका र प्रत्येक वडामा जनचेतनामुलक होडिङ बोर्ड निर्माण | ५,००,०००।- | |
| कुल जम्मा | | ४०,००,०००।- | |

**प्रस्ताव नं. ८ दशौँ नगरसभा सम्बन्धमा।**

निर्णय नं. ८, प्रस्ताव नं. ८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको हिउँदे अधिवेशनको दशौँ नगरसभा यहि मिति २०७९ साल माघ २२ गते आईतबारका दिन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९ शव बाहन खरिद सम्बन्धमा।**

निर्णय नं. ९, प्रस्ताव नं. ९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको लागि आवश्यक पर्ने १ (एक) थान शव बाहन (घर देखि घाटसम्म) खरिद गर्नका लागि आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष खर्च शिर्षक नं. (३११५९) बाट रु २० (बिस) लाख रकम विनियोजन गरि खरिद गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १० कोल्ड स्टोर निर्माण सम्बन्धमा।**

निर्णय नं. १०, प्रस्ताव नं. १० माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका क्षेत्रमा कृषकहरुको सहजताका लागि आवश्यक पर्ने कोल्ड स्टोर निर्माण गर्नका लागि जग्गाको छनौट तथा व्यवस्थापनको जिम्मा नगर प्रमुखलाई दिने र जग्गाको प्राप्ती पछि उक्त कोल्ड स्टोर निर्माणका लागि DPR तयार गर्न नगरपालिकाबाट कोल्ड स्टोर निर्माणका लागि विनियोजित रकम मध्येबाट गर्ने गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ११ सडक बोर्डको रकम कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. ११, प्रस्ताव नं. ११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको लागि सडक बोर्ड नेपालबाट विनियोजित रकम रु. ४५ (पैचालिस) लाख तपशील बमोजिमका वडाहरुलाई बाँडफाँड गर्ने र म्याचिङका लागि यस नगरपालिकाको तर्फबाट उक्त रकममा ३० (तिस) प्रतिशत साझेदारी गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | जानकी गाउँपालिकाको सिमाना देखि शान्ती टोल हुँदै धोबिनिया खोलासम्मको बाटो मर्मत तथा स्तरोन्नती लम्कीचुहा नगरपालिका वडा नं. ३ | १५,००,०००।- |
| २ | राजीपुर पिपल चौतारा देखि कृष्ण घर्तीको घर हुँदै सुर्य बटालाको घरसम्मको बाटो मर्मत तथा स्तरोन्नती लम्कीचुहा नगरपालिका वडा नं. ५ | १५,००,०००।- |
| ३ | राम बहादुर खत्रीको घरदेखि मान बहादुर महताराको घरसम्मको बाटो मर्मत तथा स्तरोन्नती लम्कीचुहा नगरपालिका वडा नं. ६ | १५,००,०००।- |

**प्रस्ताव नं. १२ सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धमा।**

निर्णय नं. १२, प्रस्ताव नं. १२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका कार्यालयको लागि आवश्यक पर्ने तपीशल बमोजिमका पदहरुमा विज्ञापन गर्ने निर्णय पारित गरियो।

**तपशील**

हलुका सवारी चालक

कम्प्यूटर अपरेटर

**प्रस्ताव नं. १३ विविध प्रस्ताव सम्बन्धमा।**

**प्रस्ताव नं. १३.१ माघि मिलन कार्यक्रम संचालन सम्बन्धमा।**

निर्णय नं. १३.१ प्रस्ताव नं. १३.१ माथि छलफल गर्दा २०७९ सालको माघी मिलन कार्यक्रमको जिम्मा लम्कीचुहा नगरपालिका वडा नं. ७ लाई दिई वडा नं. ७ का वडा अध्यक्षको अध्यक्षतामा कार्यक्रम संचालन गर्ने र उक्त कार्यक्रमका लागि आवश्यक रकम रु ३ लाख ५० आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको समपुरक कोष/लक्षित कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णभय गरियो।

**प्रस्ताव नं. १३.२ जिल्ला समन्वय समितिका संयोजकलाई उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १३.२ प्रस्ताव नं. १३. २ माथि छलफल गर्दा कैलाली जिल्ला , जिल्ला समन्वय समितिका प्रमुख श्री पदम बहादुर कलेलको कलेजोमा समस्या देखिएको र उपचारका लागि रकमको अभाव भएका कारण सहयोग रकम माग गरेकाले जिल्ला समन्वय समिति कैलालीको पत्र बमोजिम निजलाई रु. १ (एक) लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १३.३ अपुग रकम थप गर्ने सम्बन्धमा।**

निर्णय नं. १३.३ प्रस्ताव नं. १३.३ माथि छलफल गर्दा नेपाल सरकारको विशेष अनुदानबाट लम्कीचुहा नगरपालिकाको लागि शैक्षिक सुधार कार्यक्रमको ५ वटा विद्यालयको भवन निर्माणका लागि प्राप्त प्रत्येक विद्यालयका

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

लागि रु पचास लाख रकम  लागत अनुमान बमोजिम बोलपत्रआह्वान गर्दा अपुग हुन गएमा उक्त रकम नगरपालिकाबाट थप गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३.४ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।**

निर्णय नं. १३.४ प्रस्ताव नं. १३.४ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७९।०८।२५ गते बसेको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३.५ आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १३.५, प्रस्ताव नं. १३.५ माथि छलफल गर्दा यस लम्कीचुहा नगरपालिकाको कार्यालयमा आर्थिक सहायताको लागि पेश भएका निवेदनहरु बमोजिम तपशील बमोजिमको रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

तपशील

| क्र.सं. | सहायता पाउनेको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | सन्तोष डगौरा थारु | १ | १५,०००।- |
| २ | पदम बाहदुर आले | ५ | ५०,०००।- |
| ३ | हंसराज बराल | ३ | १०,०००।- |
| ४ | जोखन चौधरी | ४ | १५,०००।- |
| ५ | सलाहुदिन जागा | ९ | १५,०००।- |
| ६ | नन्दराम बादी | ३ | १५,०००।- |
| ७ | हंसे दमाई | १० | ५०,०००।- |

**प्रस्ताव नं. १३.६ सहयोग उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १३.६ प्रस्ताव नम. १३.६ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा सहयोगका लागि पेश भएका निवेदन बमोजिम तपशीलका संस्थाहरुलाई  तपशिलको सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**तपशील**

- अपाङ्ग दिवशको कार्यक्रम संचालन गरे वापत अपाङ्ग चेतना समाज लम्कीलाई लक्षित वर्ग शिर्षकबाट रु २० हजार रकम सहयोग गर्ने,
- नेपाल प्रेस यूनियनको प्रदेश स्तरिय साधारण सभा संचालनका लागि २५ हजार रकम सहयोग गर्ने,
- राष्ट्रिय लोक दोहोरी प्रतिष्ठानलाई  अत्तरीयालाई रु १० हजार  सहयोग गर्ने
- त्रिवेणीधाम संरक्षण समाज मोहन्याललाई माघी मेला आयोजना गर्नका लागि समपुरक कोषबाट २० हजार सहयोग गर्ने।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं. १३.७ सिफारिस गर्ने सम्बन्धमा।**

निर्णय नं. १३.७ प्रस्ताव नं. १३.७ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. ३ ढुंगेबजार चिसापानी, कैलालीमा वातावरण, जैविक विविधता तथा पानीको मुहान संरक्षणका लागि मुहान मर्मत, सम्भार तथा स्तरोन्नती गर्नका लागि आवश्यक सहमतिका लागि सव डिभिजन बन कार्यालय चिसापानी कैलालीलाई सिफारिस गरि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. १३.८ लिजाको नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।**

निर्णय नं. १३.८ प्रस्ताव नं. १३.८ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकाको आ.व. २०७८।०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) अन्तर्गत तोकिएको क्षेत्रमा आवश्यक कागजातहरु समावेश गर्दा तोकिएका विभिन्न १० वटा क्षेत्रहरुमा कुल ५३ प्रतिशत प्राप्तंक प्राप्त गरेको हुँदा आगामी आ.व. मा थप सुधार गर्न गरि हाललाई उक्त नतिजा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३.९ रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १३.९ प्रस्ताव नं. १३.९ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिका वडा नं. २ मा रहेको जनसेवा मा.वि. को ४ कोठे अधुरो भवन निर्माणका लागि बजेट विनियोजन भई योजना सम्झौता भएकोमा सम्झौता बमोजिमको कार्य सम्पन्न भैसकेको र अनुगमन प्रतिवेदन र अन्तिम बिल बमोजिमको अपुग रकम रु. ३,४०,०००।–(अक्षरुपी तिन लाख चालिस हजार मात्र) नगरपालिकाबाट भूक्तानी गर्न निर्णय गरियो।

**प्रस्ताव नं. १३.१० स्थानीय बिदा सम्बन्धमा।**

निर्णय नं. १३.१० प्रस्ताव नं. १३.१० माथि छलफल गर्दा नेपालीहरुको महान पर्व साथै थारु समुदायको नयाँ वर्षका रुपमा मनाईने माघी पर्वका अवसरमा मिति २०७९ साल माघ २ र ३ गते स्थानीय बिदा दिने निर्णय गरियो।

**प्रस्ताव नं. १३.११ जग्गा नापजाँचको रकम निर्धारण गर्ने सम्बन्धमा।**

निर्णय नं. १३.११ प्रस्ताव नं. १३.११ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्न जग्गा नापजाँचको कार्य गर्नका लागि प्रतिकित्ता रु. ५२०।– (अक्षरुपी पाँस सय बिस रुपैया मात्र) मा नबढ्ने गरि नापजाँचको कार्य अगाडी बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. १३.१२ घ वर्गको ईजाजत उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. १३.१२ प्रस्ताव नं. १३.१२ माथि छलफल गर्दा लम्कीचुहा नगरपालिकामा पेश हुन आएका निवेदनहरुको प्राविधिक चेकजाँच तथा आवश्यक कागजातहरुको जाँच गर्दा "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपशील अनुसारका फर्महरुलाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

**तपशील**

क. एन सि. सोलिसन्स लम्कीचुहा-०२

ख. आरुस एस.एस.कन्सट्रक्सन प्रा.लि. लम्कीचुहा-०२

ग. मयाल कन्सट्रक्सन प्रा.लि. लम्कीचुहा-०१

**प्रस्ताव नं. १३.१३ योजना छनौट गरि कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. १३.१३ प्रस्ताव नं. १३.१३ माथि छलफल गर्दा यातायात पूर्वाधारर तर्फको सुदूरपश्चिम प्रदेश-नगद अनुदानमा विनियोजित रु. १ करोड र रु ७० लाखमा नगरपालिका समपुरक अनुदानको थप रकम गरि लम्कीचुहा नगरपालिका वडा नं. १ मा कार्यान्वयन गर्नका मिति २०७९।०८।२३ गतेको कार्यपालिका निर्णयबाट छनौट गरिएका कार्यक्रमहरुको सडक लम्बाई अपुग भएका कारण थप गरि तपशील बमोजिमका योजनाहरु छनौट गर्न निर्णय गरियो।

| रु. १ करोड ४० लाख तर्फका योजना | रु. २ करोड तर्फका योजना |
|---|---|
| १. कर कार्यालय देखि कालिका रोड-साजको रुखको बाटो हुँदै टिकापुर रोडसम्मको बाटो | १. सव डिभिन बन कार्यालय देखि थपालीपुरसम्मको बाटो |
| २. भवानी माझीको खोका देखी उत्तर जाने बाटो | २. कुन्टिखेट लाल बहादुर चौधरीको घर देखि दक्षिण जाने बाटो |
| ३. पवित्रा पौडेलको घर देखी उत्तर जाने बाटो | ३. मालिका टोल देखी थपालिपुर B टोलसम्मको बाटो |
| ४. फेमश ट्यूसन सेन्टर जाने बाटो | |
| ५. रा.वा बैङ्क अगाडीको जक्सन देखि उत्तर जाने बाटो | |
| ६. लम्की बचत सहकारीको नयाँ भवन देखि उत्तर जाने बाटो | |